# स्वामीकार्तिक खापर गाउँपालिकाद्वारा प्रकाशित

# स्थानीय राजपत्र

खण्डः ६ संख्याः १ मितिः २०७९/०३/३०


## भाग-२

## स्वामीकार्तिक खापर गाउँपालिका

## आमा पहिलो कार्यक्रम कार्यन्वयन सम्वन्धी कार्याविधी, २०७९

**प्रस्तावना :** स्वामीकार्तिक खापर गाउँपालिका विकासका हिसावले अति बिकट र पिछडिएको अवस्थामा रहेको छ । कर्णाली नदी माथि पक्की पुल नहुँदा विकासको पँहुचबाट पनि टाढा नै रहेको छ । यहाँ बसोबास गर्ने आम मानिसहरुको जीविको उपार्जनलाई हेर्दा बर्ष भरी काम गरेर छ महिना खान नपुग्ने अवस्था छ । त्यसैमा पनि आम आमा तथा महिलाहरुको अवस्था झनै दर्दनाक छ । २१ औं शताब्दीको समयमा पनि छाउपडी चलन, सुत्केरी हुँदाको समयमा गोठमा बस्ने चलन, अर्काको श्रीमति लिएर जारी तिर्ने चलन, अत्याधिक घर भित्रका आर्थिक उपार्जन नहुने काम महिलाले गर्नु पर्ने, बाल विबाह, बहुविबाहले गर्दा घरेलु हिंसा, महिला हिंसा खेप्नु पर्ने अवस्था छ । महिला घरको नोकर र बच्चा जन्माउने मेसिनका रुपमा मात्रै सिमित रहेका कुचलनले गर्दा महिला पुरुष एक रथका दुइ पाँङ्गा हुन भन्ने मान्याताले काम नगर्दा आज यो गाँउपालिका आर्थिक, शैक्षिक, सामाजिक, राजनैतिक, साँस्कृतिक, भौतिक लगाएत सम्पूर्ण क्षेत्रको विकासमा पछाडी परेको छ । घर भित्रका काम बराबरी गरौ । विकासका काममा महिला तथा आमा सहभागिता बढाउ भन्दै विकास निर्माणको काममा महिलाको सहभागिता बढाउन र आमाहरुलाई आर्थिकरुपले सवल र सक्षेम बनाउन **आमा पहिलो** (Mother First) कार्यक्रम लागु गरिएको छ । आमा

आर्थिक रुपले सवल हुदा घर भित्र रहेका वालबालिका कुपोषित नहुने र जेष्ठ नागरिकहरु भोका नरहने अवस्था आउनुका साथै घरको समग्र बिकास हुने देखिन्छ । घर बलियो भए पछि गाँउ बलियो, गाँउ बलियो भए पछि वडा बलियो, वडा बलियो भए गाँउपालिका बलियो, गाँउपालिका बलियो भए पछि जिल्ला बलियो, जिल्ला बलियो भए प्रदेश बलियो र प्रदेश बलियो भए पछि समग्र देश नै बलियो हुने हुँदा **आमा पहिलो** (Mother First) कार्यक्रम लागु गर्न लागिएको हो । त्यसैले गाँउपालिका भरी उपभोक्ता समिति मार्फत हुने बिकास निर्माणका ५० प्रतिशत योजनाहरु महिला उपभोक्ता समिति मार्फत गरिने छन । अन्य विकास निर्माणका कामहरु पनि गाँउपालिकाले गठन गरेका आमा समूह मार्फत समुदाय स्तरमा कार्यान्वयन गर्न जोड दिईने छ ।

## परिच्छेद १

### संक्षिप्त नाम र परिभाषाः

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम आमा पहिलो कार्यक्रम कार्यन्वयन सम्वन्धी कार्याविधी, २०७९ रहेको छ ।

२. यो कार्यविधि स्वामीकार्तिक खापर गाउँपालिकाले स्वीकृत गरी स्थानीय राजपत्रमा प्रकाशित भए पछि लागु हुने छ ।

३. यो कार्यविधि स्वामीकार्तिक खापर गाउँपालिका क्षेत्र भित्र लागु हुनेछ ।

४. विषय वा प्रशंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) **"गाउँपालिका"** भन्नाले स्वामीकार्तिक खापर गाउँपालिका सम्झनु पर्दछ ।

(ख) **"कार्यपालिका"** भन्नाले स्वामीकार्तिक खापर गाउँकार्यपालिकालाई सम्झनु पर्दछ ।

(ग) **"कार्यालय"** भन्नाले स्वामीकार्तिक खापर गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

(घ) **"वडा"** भन्नाले स्वामीकार्तिक खापर गाउँपालिकाका ५ वटा वडा सम्झनु पर्दछ ।

(ङ) **"अध्यक्ष"** भन्नाले स्वामीकार्तिक खापर गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ ।

(च) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले स्वामीकार्तिक खापर गाउँ पालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(छ) **"ऐन"** भन्नाले स्थानीय सरकार संचालन ऐन २०७४ लाई सम्झनु पर्दछ ।

(ज) **"शाखा"** भन्नाले महिला बालबालिका तथा जेष्ठ नागरिक तथा सामाजिक विकास शाखालाई सम्झनु पर्दछ ।

(झ) **“उपभोक्ता समिति गठन”** भन्नाले तोकिएको विकास निर्माणको योजना सम्पन्न गर्नका लागी गठन भएको समितिलाई सम्झनु पर्दछ ।

(ञ) **“तोकिएको वा तोकिए बमोजिम”** भन्नाले ऐन अन्तर्गत बनेको कार्यविधिमा तोकिए वा तोकिए बमोजिम सम्झनु पर्दछ ।

(ट) **“आमा अर्थात Mother”** भन्नाले विवाह गरी यसै गाउँपालिका भित्र नियमितरुपमा बसोवास गरिरहेका ६० वर्ष सम्मका महिलालाई सम्झनु पर्दछ ।

(ठ) **“निर्देशक समिति”** भन्नाले यसै कार्यविधि बमोजिम गठन भएको तपशिल बमोजिमको **आमा पहिलो** कार्यक्रम निर्देशक समिति सम्झनु पर्दछ ।

तपशिल:

१. गाउँपालिका अध्यक्ष : संयोजक

२. गाउँपालिका उपाध्यक्ष: सदस्य

३. ५ वटै वडाका वडा अध्यक्ष : सदस्य

४.प्रमुख प्रशासकीय अधिकृत : सदस्य

५. गाउँपालिका भित्रका प्रवुद्ध आमाहरु मध्येबाट २ जना : सदस्य

६. गाउँपालिका महिला शाखा प्रमुख : सदस्य सचिव

**५.** “प्राविधिक उपसमिति” भन्नाले यसै कार्यविधि बमोजिम गठन भएको योजनाको लागत स्टमेट लगायतका सम्पूर्ण प्राविधिक काम गर्न तपशिल बमोजिमको **आमा पहिलो** कार्यक्रम प्राविधिक उप समिति रहनेछ ।

क. प्राविधिक शाखाको प्रमुख : संयोजक

ख. प्रत्येक वडा कार्यालयका प्राविधिकहरु : सदस्य

ग. गाउँपालिका प्राविधिक शाखामा कार्यरत सव ईन्जिनीयर : सदस्य

घ. ईन्जिनीयरले तोकेको एकजना असिष्टेन्ट सव ईन्जिनीयर : सदस्य

**६.उद्देश्य : यस कार्यविधिका उद्देश्य देहाय बमोजिम रहेको छ ।** (क) आमा घरको गृहलक्ष्मी भएको हुँदा आमाको आर्थिक अवस्थालाई सवल बनाउँदा समग्र घर परिवार र देशको अवस्था सवल हुने हुँदा आमाहरुलाई आर्थिक रुपमा बलियो बनाउन, विकास निर्माणका कामहरुमा प्रत्येक्षरुपमा जोड्न र स्वरोजगार बनाउने ।

(ख) पढे लेखेका आमाहरुलाई आर्थिकरुपमा शसक्त र ज्ञान सीपको विकास गरी दक्ष, आत्मनिर्भर र उच्च क्षमतायुक्त आमा बनाउने ।

(ग) गाउँपालिका भरी हुने सम्पूर्ण विकास निमार्णका योजनाहरु मध्ये ५० प्रतिशत योजनाहरु यसै आमा समूह मार्फत संचालन गरिने ।

**७. आमा समुह गठन तथा छनौटका आधारहरुः**

(क) सवै वडा भित्रका प्रत्येक टोलहरुमा रहेका विबाहित महिलाहरुलाई आमा समूहमा आवद्ध गरिनेछ, जसमा एक आमा समुहमा बढीमा २५ जना सम्म आमाहरु आवद्ध रहन सक्नेछन् ।

(ख) प्रत्येक आमाहरुको बैंकमा खाता खोलिएको हुनु पर्ने छ । आमा समूह बनाउन, खाता खोल्न, मासिक बैठक बसाल्न र अन्य भइपरी आउने कामहरु गर्न प्रत्येक वडामा आमा सहजकर्ता खटाइनेछ ।

(ग) आर्थिक सामाजिक र अवसरबाट बन्चित तथा अपांगता भएका महिला हरुलाई समेत समेटिनेछ ।

(घ) सवै जातजातिका महिलाको समानुपातिक प्रतिनिधित्व गरिनेछ ।

(ङ) २० वर्ष पुरा गरि विबाह नगरी बसेका आर्थिक रुपमा विपन्न महिलाहरुलाई आमा समुहमा आवद्द गर्न सकिने छ ।

(च) आमा समुहमा समय दिन सक्ने खालको हुनु पर्ने छ ।

(छ) स्थायीरुपले एउटै टोलमा बसोवास गरिरहेको हुनुपर्ने छ ।

**८. निर्देशन दिन सक्नेः** स्वामीकार्तिक खापर गाउँकार्यपालिकाले निर्देशक समितिको काम कारवाहीको सम्बन्धमा आवश्यक निर्देशन दिन सक्नेछ ।

**९. संसोधनः** यस कार्यविधिको संसोधन तथा परिमार्जन यस गाउँपालिकाको गाउँकार्यपालिकाले तोके बमोजिम हुनेछ ।

**१०. खारेजी :** यस स्वामीकार्तिक खापर गाउँपालिकामा आमा पहिलो कार्यक्रम आवश्यक नभएमा गाउँकार्यपालिकाको निर्णय बमोजिम खारेजी गर्न सकिने छ ।

आज्ञाले

पारस बहादुर शाही

नि.प्रमुख प्रशासकीय अधिकृत